# माथिल्लोकर्णाली र राष्ट्रिय स्वाधीनता



*गोपाल सिवाकोटी चिन्तन*

नेपाल भौगोलिकरुपमा सधैं स्वतन्त्र, स्वाधीन र सार्वभौम राष्ट्ररुरहेकोमा शंका छैन । हो, इतिहासमा हाम्रा वीर पुर्खाहरुले मुलुकको रक्षार्थ विरतापूर्ण धेरै ऐतिहासिक लडाइँहरु लडे । तर यथार्थमा नेपाल बृटिशकालीन भारतदेखि स्वतन्त्र आधुनिक भारतसम्म आइपुग्दा पनि मूलतः राजनीतिकरुपमा भारतपरस्त र आर्थिकरुपमा भारतअधिनस्थ छ । नेपाललाई यसरी नवऔपनिवेशिक अवस्थामा राखिरहन नेपाली शासकहरु पनि उत्तिकै जिम्मेवार छन् । बीपी कोइराला जो भारतसामु नझुक्दा भारतबाटै लखेटिए । मदन भण्डारी र राजा वीरेन्द्र रहस्यमय हत्याकाण्डका शिकार भए । प्रचण्ड सत्ता छोडेर राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व गर्न बाध्य भए ।

भारतसँग जोडिएको राष्ट्रिय स्वाधीनताको सवाल कुनै पूर्वाग्रह नभएर दुई देशबीच विद्यमान भौगोलिक निकटता, खुला सीमा, राष्ट्रवादी शक्तिहरुविरुद्ध हुने दृश्य वा अदृश्य राजनीतिक साँठगाँठ, अन्तर्राष्ट्रिय पारवहन र व्यापारमाथिको परनिर्भता, जलस्रोतलगायतका प्राकृतिक स्रोतसाधनमाथि सोझो सम्बन्ध तथा विभिन्न सामाजिक, साँस्कृतिक र धार्मिक आदानप्रदान मुख्य कारणहरु हुन् । तसर्थ आफैं उपनिवेशको पीडा भोगेको भारतले बदलिएको पृष्ठभूमिमा नेपालीहरुले उठाउने राष्ट्रिय स्वाधीनताका सवालहरुलाई सकारात्मकरुपमा लिनसक्नु पर्दछ । तबमात्र दुबै देशबीचको बहुआयामिक सम्बन्ध सहज, सरल र दीर्घकालीन हुनसक्दछ । यस लेखमा नेपालको जलस्रोतका हकमा स्वाधीनताको सवालबारे संक्षिप्त चर्चा गरिने छ ।

पछिल्लोपटक एनेकपा (माओवादी) ले भारतीय कम्पनी जीएमआररुसंलग्न माथिल्लोकर्णाली जलविद्युत आयोजना निर्माणमा रोक लगाउने निर्णयले ठूलो चर्चा पाएको छ । यस आयोजनाबाट अति सस्तोमा उत्पादन हुने ३०० मेगावाट बिजुली सबै भारतमा निर्यात हुने, नेपालले निःशुल्करुपाउने भनिएको १२ प्रतिशत बिजुली र २७ प्रतिशत शेयर हाम्रो अमूल्य पानी, हाम्रो दूर्लभ भूमि एवम् समस्त कर्णाली र सुदूरपश्चिमको चौतर्फी विकासका लागि हामीले लिनसक्ने समग्र लाभको अनुपातमा कौडी बराबर हुने तथा कर्णालीवासी यस आयोजनाबाट हुने प्रत्यक्ष लाभबाट बञ्चित हुने सन्दर्भमा माओवादीको यो कदम साँच्चिकै सह्रानीय छ । निजी कम्पनीमार्फत माथिल्लोकर्णालीमा पस्दै दीर्घकालीनरुपमा १०८०० मेगावाट क्षमताको कर्णाली चिसापानी आयोजना फुत्काउने भारतीय दाऊ हो । लाभ र हानीका दृष्टिले पश्चिम सेती र अरुण ३ को अवस्था पनि झनै बेहाल छ भने पंचेश्वरको त कुरै नगरौं ।

झन् पश्चिम सेतीका हकमा त प्रस्तावित जलासययुक्त बाँधबाट सुख्खायाममा भारततर्फ प्रवाहित हुने ९० क्यूसेक बढी पानीबाट भारतले निशुल्क हात पार्ने अतिरिक्त सिँचाइ लाभबापत नेपालले पाउनुपर्ने तल्लोतटीय लाभबारे नेपाल मौन छ । यी तीनवटै आयोजनाहरु नेपालले चिलिमे र माथिल्लोतामाकोशीकै ढाँचामा आफ्नै लगानीमा आफ्नै लागि निर्माण गर्नुपर्ने हो । दीर्घकालीन, गम्भीर र व्यापक असर पार्ने यस्ता आयोजनाहरुबाट भारततर्फ निकास हुने पानी र बिजुलीसँग सम्बन्धित सम्झौताहरु अन्तरिम संविधानको धारा १५६ अनुसार व्यवस्थापिका संसद्बाट अनिवार्यरुपमा अनुमोदन गराइनुपर्ने हो तर चोरबाटोबाट धमाधम आयोजनाहरु विदेशीलाई जिम्मा लगाउने काम भइरहेको छ । जहाँ पश्चिम सेती अनुमोदनको माग गर्दै सर्वोच्च अदालतमा दर्ता भएको मुद्दा रहस्यमय ढंगले खारेज गरिएको छ भने माथिल्लोकर्णाली र अरुण ३ विरुद्ध दायर मुद्दा यतिबेला पनि बिचाराधीन अवस्थामै छन् । स्वयम् जननिर्वाचित संविधानसभा र व्यवस्थापिका संसद् पनि कानमा तेल हालेर बसेको छ । मानौं, अब नेपालको जलस्रोत बचाउने र नेपालको आन्तरिक हितमा प्रयोग गर्ने एकमात्र उपाय भनेको जनविद्रोहमात्र हो रु

यथार्थमा नेपाल भारतबीचको परराष्ट्ररुसम्बन्ध सुमधुर हुन नसक्नुका पछाडिको एउटा मुख्य कारण नेपालको अपार जलस्रोतमाथि भारतको गिद्देदृष्टि हो । भारत र बङ्गलादेशबीच विद्यमान जलस्रोत सम्बन्धको हालत पनि हाम्रैजस्तो छ । बङ्गलादेशले त भारतसँग भविष्यमा जलयुद्ध नै हुनसक्ने घोषणा पनि गरिसकेको छ । भारत समस्त तराईसमेत डुबान पर्ने गरी नेपालमा पूर्वदेखि पश्चिमसम्म जताततै ठूलाठूला भिमकाय बाँधहरु निर्माण गरी अथाह पानी सञ्चय गर्न चाहन्छ किनकि

बाँधनिर्माण कार्य समथर भारतीय भूमिमा असम्भव छ । बाँध निर्माण गरेकै अवस्थामा पनि नेपालले आफ्नो पानीको मूल्य कायम गर्दै हरेक आयोजनाबाट अधिकतम् लाभ लिनुपर्नेमा कोशीदेखि पञ्चेश्वरसम्म आइपुग्दा पनि यसरी पानीको मूल्य निर्धारण गर्ने काममा नेपाल सधैं चुक्दैआएको छ । यदि नेपालको पानी र नेपालभित्र उत्पादिन बिजुली नेपाल र नेपाली जनताले जहिले चाहन्छन् तहिले जति आवश्यक पर्छ त्यति प्रयोग गर्न पाउने हक नेपाली शासकहरूले सुरक्षित गरेनन् र यसमा भारत सरकार र भारतीय कम्पनीहरु बाधक बने भने नेपाल र भारतबीच पनि जनस्तरमा जलविद्रोह वा जलयुद्ध हुने कुरा कदापि इन्कार गर्न सकिन्न ।

इतिहासदेखि वर्तमानसम्म हेर्दा, भारतले नेपाललाई एउटा स्वतन्त्र, स्वाधीन र सार्वभौम राष्ट्रका रुपमा भन्दा जलस्रोतको उपयोगिताका दृष्टिले मात्र हेरेको पाइन्छ । आजभन्दा ९० वर्ष पहिले अर्थात् सन् १९२० मा बृटिशकालीन भारतसँग सम्पन्न शारदा ब्यारेज सम्झौता र १९९१ मा सम्पन्न टनकपुर तथा १९९६ मा महाकाली सन्धि भएपछि त नेपालले झन् महाकाली नदीको ९३ प्रतिशत पानीमाथिको आफ्नो अधिकार सदाका लागि गुमाइरहेको दावी विज्ञहरुको छ । कारण, भारतले प्राविधिक आयु सकिएको शारदा ब्यारेजमार्फत प्रयोग गरेको पानीमाथि एकलौटीरुपमा स्थायी अग्राधिकारको दावी गरिरहेको छ । अग्राधिकारसम्बन्धी यही विवादका कारण १४ वर्षसम्म महाकाली सन्धि निष्क्रिय बसेको अवस्था छ । सन् १९५४ मा ९९ वर्षका लागि कोशी र १९५९ मा कुनै अवधि नै नतोकी गण्डक सम्झौता गरेर पानी र फाइदाजति भारतलाई तथा बाढी, सुख्खा र बेफाइदाजति नेपाललाई भाग लागेको राष्ट्रघाती इतिहास ताजै छ ।

यस्तै राष्ट्रघात महाकाली सन्धिका हकमा पनि भएको हो । अहिले पश्चिम सेतीमा अष्ट्रेलियाली स्मेक कम्पनी तथा माथिल्लोकर्णाली र अरुण ३ मा क्रमशः जीएमआर र सत्लज जलविद्युत निगमसम्म आइपुग्दा पनि नेपाललाई अँध्यारोमा राखेर बिजुलीजति भारतलाई बेच्ने सपना बाँड्दै हचुवाका भरमा लाइसेन्समात्र बाँड्ने परम्परामा कुनै सुधार भएन । हुँदाहुँदा यसबीचमा बझाङ जिल्लामा आयोजनास्थल रहने ४५६ मेगावाट क्षमताको अर्को अति नै आकर्षक आयोजना मानिने चैनपुर सेती पनि अर्को बदनाम भारतीय कम्पनी जिन्दललाई सर्वेक्षण लाइसेन्स दिइएको छ । चरम राष्ट्रिय असहमति र असमान महाकाली सन्धिको जगमा टेकेर पंचेश्वर आयोजनाको गैरकानुनी कार्यान्वयनको चर्चा यतिबेला व्याप्त छ । अन्य नदीनालाहरुका हकमा पनि खोलाजति झोलामा हालेर लाइसेन्स लिनेहरु चुपचाप बसेको यथार्थ नयाँ पत्रिकारुले गत हप्तामात्र सार्वजनिक गरिसकेको छ । धेरैजसो प्रस्तावित आयोजनाहरुको लाइसेन्स लिनेमा पनि कुनै खुला र स्वस्थ प्रतिष्पर्धाविना छानिएका भारतीयहरुकै एकतर्फी बोलवाला देखिन्छ । यसबाट हाम्रा बचेखुचेका नदीनालाहरु बेच्दै सत्ताको आयु लम्ब्याउँदै जाने सोच अझसम्म पनि कायमै देखिन्छ ।

तसर्थ, नेपालको जलस्रोतमाथि भारतीय गिद्देदृष्टिलाई तोड्नका निमित्त हामीले माथि उल्लिखित सम्पूर्ण सन्धिसम्झौता र कराहरु पुनरावलोकन गर्नुपर्ने, कतिपयलाई खारेज गरी समानता र अन्तर्राष्ट्रिय कानुनका मान्य सिद्धान्तहरुका आधारमा नयाँ सन्धि वा करार गर्नुपर्ने तथा नेपालको जलस्रोत खानेपानी, सिँचाइ, जलविद्युत र जलयातायातका लागि सर्वप्रथम नेपाल र नेपालीका लागि हुनुपर्ने नीति तथा योजना सुनिश्चित गर्न जरुरी छ । त्यस्तै, कुनै पनि आयोजनामा स्वदेशी लगानी, स्वदेशी विशेषज्ञ, स्वदेशी कामदार र स्वदेशी कच्चापदार्थका साथमा नेपाललाई मान्य हुने शर्तमा मात्र बाह्य ऋण र सहायता स्वीकार गर्ने परिपाटी अपनाउनुपर्दछ । नेपालले अख्तियार गर्ने यस्ता राष्ट्रिय नीति र प्राथमिकतामा यदि छिमेकी भारत सरकार र बहुराष्ट्रिय कम्पनीहरू बाधक हुन्छन् भने त्यो स्वतः नै नेपालको जलस्रोतमा राष्ट्रिय स्वाधीनताको सवाल बन्दछ । इतिहासमै पहिलोपटक जलस्रोत र जलविद्युत आयोजनासम्बन्धी मुद्दाहरुलाई राजनीतिक तहबाट सम्बोधनको थालनी गरेर एनेकपा (माओवादी) ले प्रशंसनीय कार्य गरेको छ ।

तर माथिल्लोकर्णालीबाट सुरु भएको स्थानीय, क्षेत्रीय र राष्ट्रिय हित हेर्ने दृष्टिकोण पश्चिम सेती, अरुण ३ र पञ्चेश्वरका हकमा पनि तत्काल विस्तार हुन जरुरी छ । अझ भनौं आयोजना विशेष भन्दा पनि समग्र जलस्रोत नीतिमा केन्द्रित हुनु आवश्यक छ । हामी जलस्रोतका मालिक भएकाले सही राष्ट्रिय लगानीनीति, शान्ति र स्थिरता कायम गर्नसकेको खण्डमा भविष्यमा हाम्रै शर्त, आवश्यकता र प्राथमिकताअनुसार रोजी रोजी विदेशी लगानी जुटाउन सकिन्छ । एनेकपा (माओवादी) ले माथिल्लोकर्णालीबाट सुरु गरेको बहसलाई राष्ट्रिय रुप दिनुपर्दछ न कि राजनीतिक सौदावाजीका लागि अस्थायी प्रचार रु माओवादीको यो अडान नेपाललाई जलस्रोतका क्षेत्रमा भारतबाट सदाका लागि स्वाधीन बनाउने कार्यमा निर्णायक र फलदायी हुनसकोस् । लाइसेन्समात्र बाँडेर र भारतलाई बिजुली बेच्नेमात्र योजना गरेर नेपाल कति धनी हुँदोरहेछ भन्ने कुरा त अहिलेसम्ममा देखिहालियो नि रु

*(लेखक नेपाल भारत जलस्रोतका विषयमा विद्यावारिधि गर्दैछन्)*

*साभारः जनदिशा दैनिक, २०६६ माघ १९*